**बागमती प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**हेटौडा, नेपाल**

## औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसीप कार्यक्रम) का लागि शिक्षालय/विद्यालयहरुले प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०३/१०**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको द्विपक्षीय सम्झौता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) का क्षेत्रमा सञ्चालित दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोस्रो (ENSSURE-II) अन्तर्गत यस बागमती प्रदेशका शिक्षालय/विद्यालयहरु मार्फत २४ महिने अप्रेन्टिसीप कार्यक्रम (औद्योगिक प्रशिक्षार्थी तालिम) सञ्चालन गर्नुपर्ने भएकोले बागमती प्रदेशमा रहेका आंगिक शिक्षालय, साझेदार शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) सञ्चालित विद्यालयहरुमध्ये यो कार्यक्रम सञ्चालन गर्न इच्छुक शिक्षालय/विद्यालयहरुले तपसिलका शर्तका आधारमा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडामा मिति २०८० असार २४ गते भित्रमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी बिस्तृत जानकारी, स्वीकृत बिषयको विवरण र प्रस्तावको ढाँचा सामाजिक विकास मन्त्रालयको वेवसाईट https://mosd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**तपसिल**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), सानोठिमी, भक्तपुरबाट स्वीकृत औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसीप) तालिम सञ्चालन कार्यविधि बमोजिम विद्यार्थी छनौट, भर्ना र कार्यक्रम सञ्चालन हुनेछ।

२. शिक्षालय र उद्योग/व्यवसाय दुवै स्थानमा रहेर कार्यस्थलमा आधारित सिकाई विधि अन्तर्गत सञ्चालन हुने अप्रेन्टिसीप कार्यक्रम २४ महिना अवधिको हुनेछ।

३. यो कार्यक्रम २०७९ को एस.इ.इ परीक्षाको नतिजा प्रकाशन पछि आगामी आर्थिक वर्ष ०८०/०८१ बाट सञ्चालन हुनेछ।

४. कार्यक्रमको २४ महिने अवधिमध्ये १९.५ महिना अर्थात ७८ हप्ता प्रशिक्षार्थीहरुले सम्बन्धित उद्योग व्यवसायमा नै रहेर कार्यस्थलमा आधारित तालिम लिनुपर्ने भएकोले तालिम सञ्चालन गर्ने विषयसँग सम्बन्धित संभावित उद्योग/व्यवसायहरुको विवरण प्रस्तावसाथ पेश गर्नुपर्नेछ।

५. अप्रेन्टिसीप तालिम कार्यक्रममा छनौट भई अध्ययन गर्ने प्रशिक्षार्थीहरुले निःशुल्क अध्ययनको अवसर प्राप्त गर्नेछन्।

६. कार्यक्रम सञ्चालन गर्ने शिक्षालय/विद्यालयहरुलाई सञ्चालन खर्च वापत प्रति विद्यार्थी इकाई लागतका आधारमा यस मन्त्रालयबाट सञ्चालन अनुदान निकासा हुनेछ।

७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट अप्रेन्टिसीप कार्यक्रमका लागि स्वीकृत भएका सात वटा विषयहरु- Electrical Engineering, Mechanical Engineering, Automobile Engineering, Hotel Management, Information Technology, Civil Engineering (Building Construction), Early Childhood Development Facilitation (ECDF) मध्येबाट कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्नुपर्नेछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट थप विषयको पाठ्यक्रम स्वीकृत भएमा स्वीकृत भएपछि पुनः सूचना प्रकाशन गरिनेछ।

८. तालिम सञ्चालनका लागि बढीमा तीन वटा विषयका लागि मात्र प्रस्ताव पेश गर्न सकिनेछ। प्रति कार्यक्रम २० वा ३० वा ४० जना प्रशिक्षार्थी भर्ना गर्ने गरी प्रस्ताव पेश गर्न सकिनेछ।

९. अप्रेन्टिसीप कार्यक्रमका लागि स्वीकृत विषयहरुमध्ये प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट प्रि-डिप्लोमा वा डिप्लोमा तहको सम्बन्धन प्राप्त भई नियमित कक्षा सञ्चालन भएको विषयमा मात्र प्रस्ताव पेश गर्नुपर्नेछ।

१०. विद्यार्थी भर्ना सम्बन्धी सूचना, परीक्षा सञ्चालन र उत्तीर्ण परीक्षार्थीलाई नियमानुसार प्रमाणपत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट प्रदान हुनेछ।

११. तोकिएको समयभित्र दर्ता भएका प्रस्तावमध्येबाट संस्था, विषय र कोटा संख्या सामाजिक विकास मन्त्रालयले छनौट तथा निर्धारण गर्नेछ।

१२. परियोजनाको तर्फबाट HELVETAS नेपालले कार्यक्रम सञ्चालनमा प्राविधिक सहयोग गर्नेछ।